यो आकाशवाणी हो ।                    28.06.2026 Sunday

मुख्य समाचारहरूबाट..

1.आकाशवाणीको 'मन की बात' कार्यक्रम मार्फत भारत आत्मनिर्भरताको यात्रामा गतिशील रहेको प्रधानमन्त्री नरेन्द्र मोदीको भनाई...

2. भारतीय प्रधानमन्त्री मोदी र सेसेल्सका राष्ट्रपति हर्मिनीबिच द्विपक्षीय वार्ता; विभिन्न सम्झौताहरूमा हस्ताक्षर,

3.विकसित भारतको लक्ष्य प्राप्तिका लागि गाउँको भूमिका केन्द्रित हुनुपर्ने: मन्त्री शिवराज सिंह चौहानको भनाई

अनि

4.मेडिकल उपकरणहरूको अनुमति (लाइसेन्सिङ) प्रक्रियालाई थप सरल र छिटो बनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्यो नियम संशोधनको प्रस्ताव...

...............................

1.'मन की बात'

आज आकाशवाणीको 'मन की बात' कार्यक्रममार्फत देशवासीलाई सम्बोधन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले भारत आत्मनिर्भरताको यात्रामा गतिशील रहेको बताउनुभएको छ।

सम्बोधनका क्रममा प्रधानमन्त्री मोदीले देशमै बनेको **सी-२९५ (C-295)** विमानको पहिलो सफल उडान र कोलकातामा नौसेनामा सामेल गरिएका स्वदेशी जहाजहरू **आई.एन.एस दूनागिरी, संशोधक,** र **अग्रेको** प्रशंसा गर्नुभयो । उहाँले डी.आर.डी.ओ.द्वारा सफल परीक्षण गरिएको **'लङ-रेन्ज क्रुज मिसाइल'** का लागि पनि वैज्ञानिकहरूलाई बधाई दिनुभयो ।

मनकी बात कार्यक्रममा श्री मोदीले हालै सम्पन्न अन्तर्राष्ट्रिय योग दिवसको चर्चा गर्दै **'विश्व योगासन च्याम्पियनसिप'** मा भारतले १०२ स्वर्णसहित कुल ११४ पदक जितेर शीर्ष स्थान हासिल गरेको जानकारी दिनुभयो ।

यसैगरी प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्र निर्माणमा जनसहभागिताको शक्ति भारतको सबैभन्दा ठुलो शक्तिमध्ये एक भएको बताउनुभएको छ । प्रधानमन्त्री मोदीले पश्चिम एसियाको युद्धकालीन परिस्थितिलाई ध्यानमा राख्दै आफूले गरेका आग्रहहरूलाई जनताले पूर्ण रूपमा पालना गरेर फेरि एकपटक यो भावनाको परिचय दिएको बताउनुभयो । उहाँले नागरिकहरूलाई सुन खरिद नगर्न, अत्यावश्यक बाहेकका वैदेशिक भ्रमणहरू स्थगित गर्न र कारपुलिङ (साझा गाडी) को प्रयोग गर्न आग्रह गर्नुभएको थियो । साथै, उहाँले किसानहरूलाई रसायनमुक्त खेती अपनाउन र प्राकृतिक मलको प्रयोग बढाउन समेत अपिल गर्नुभयो ।

प्रधानमन्त्री मोदीले प्रविधि र आर्टिफिसियल इन्टेलिजेन्स (AI) को युगमा मानवीय सिर्जनशीलतालाई जोगाउनुपर्नेमा जोड दिनुभयो । उहाँले नालन्दा विश्वविद्यालयले यसको मार्गप्रशस्त गरेको र प्राचीन 'शास्त्रार्थ' (बौद्धिक बहस) को परम्परालाई पुनर्जीवित गर्दै नयाँ स्वरूपमा भारतको भविष्य निर्माण गरिरहेको उल्लेख गर्नुभयो ।

यसैगरी, युवाहरूलाई आधुनिक प्रविधिसँग जोड्दै सांस्कृतिक सम्पदाको जगेर्ना गर्ने उद्देश्यले दिल्लीस्थित केन्द्रीय संस्कृत विश्वविद्यालयले आर्टिफिसियल इन्टेलिजेन्स र डाटा साइन्समा बी.टेक. (B.Tech in AI & Data Science) कार्यक्रम सुरु गर्न लागेकोमा उहाँले खुसी व्यक्त गर्दै विश्वविद्यालयलाई शुभकामना दिनुभयो । उहाँले 'प्रधानमन्त्री सुरक्षा बीमा' र 'जीवन ज्योति बीमा' योजनामा जोड दिँदै करोडौँ परिवार सुरक्षित भएको पनि कार्यक्रममा बताउनुभयो । प्रधानमन्त्रीले असमको **'हरगिला'** चरा र मेघालयको **'लिभिङ रुट ब्रिज'** संरक्षणको उदाहरण दिँदै आगामी गणेश उत्सवमा Plaster of Paris को सट्टा स्थानीय माटोको मूर्ति प्रयोग गर्न र **कैच द रेन'** अभियानमार्फत वर्षाको पानी बचाउन पनि देशवासीलाई आग्रह गर्नुभयो ।

2.

## 2.प्रधानमन्त्री नरेन्द्र मोदी र सेसेल्सका राष्ट्रपति

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र सेसेल्सका राष्ट्रपति प्याट्रिक हर्मिनीबिच आज दिउँसो सेसेल्सको राजधानी भिक्टोरियामा द्विपक्षीय वार्ता सम्पन्न भएको छ। बैठकमा दुवै नेताहरूले द्विपक्षीय सहयोगका समग्र पक्षहरूको समीक्षा गर्नुका साथै आपसी हितका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विषयहरूमा विचार आदानप्रदान गर्नुभयो । यस क्रममा सेसेल्सले दिगो विकास र हरित वृद्धिका लागि पुऱ्याउनुभएको योगदानको कदर गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीलाई आफ्नो देशको सर्वोच्च वातावरणीय सम्मान 'गार्डियन अफ द ब्लू होराइजन' (Guardian of the Blue Horizon) बाट विभूषित गरेको छ।

संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले यस सम्मानबाट आफू र सम्पूर्ण भारतीय नागरिक गौरवान्वित भएको बताउनुभयो। उहाँले हिन्द महासागर सबैको साझा घर भएको उल्लेख गर्दै यसको सुरक्षा, दिगोपन र समृद्धि पनि सबैको साझा जिम्मेवारी भएको धारणा राख्नुभयो । यस सन्दर्भमा प्रधानमन्त्री मोदीले दुई देशबिचको दूरी कम गर्न डिजिटल प्रविधि एक प्रभावकारी माध्यम भएको उल्लेख गर्नुभयो।

**यसैबीच** प्रधानमन्त्री मोदीले जलवायु परिवर्तन सम्बन्धी कदमहरू निष्पक्षता, जिम्मेवारी र समानताद्वारा निर्देशित हुनुपर्ने बताउनुभएको छ।

सेसेल्सको राष्ट्रिय सभा (National Assembly) लाई विशेष सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले यही नै वास्तवमा जलवायु न्यायको मूल मर्म भएको उल्लेख गर्नुभयो। उहाँले भारत र सेसेल्स दुवै देशले विकास थप समावेशी होस् र अन्तर्राष्ट्रिय संस्थाहरूले वर्तमान यथार्थलाई प्रतिबिम्बित गरून् भन्ने चाहना राखेको कुरामा जोड दिनुभयो।

सेसेल्सको राष्ट्रिय सभालाई सम्बोधन गर्ने आफू पहिलो भारतीय प्रधानमन्त्री हुन पाएकोमा गौरव व्यक्त गर्दै उहाँले सेसेल्सको सर्वोच्च नागरिक सम्मान **'गार्डियन अफ द ब्लू होराइजन'**

(Guardian of the Blue Horizon) बाट सम्मानित गर्नुभएकोमा त्यहाँका राष्ट्रपति र जनताप्रति आभार प्रकट गर्नुभयो।

## 3.'गार्डियन अफ द् ब्लू होराइजन' बधाई

प्रधानमन्त्री नरेन्द्र मोदी सेसेल्सको सर्वोच्च वातावरणीय सम्मान **'गार्डियन अफ द् ब्लू होराइजन'** (Guardian of the Blue Horizon)* बाट विभूषित हुनुभएकोमा केन्द्रीय मन्त्रीहरूले बधाई ज्ञापन गर्नुभएको छ।

यस अवसरमा गृहमन्त्री अमित शाहले यो सम्मान भारतको बढ्दो वैश्विक साख र पर्यावरण संरक्षणमा मुलुकले खेलेको अग्रणी भूमिकाको प्रतीक भएको बताउनुभयो। विदेशमन्त्री डा. एस जयशंकरले यस सम्मानले जलवायु परिवर्तन विरुद्ध प्रधानमन्त्री मोदीको नेतृत्वलाई दर्शाउनुका साथै भारत र सेसेल्सबिचको बलियो साझेदारीलाई उजागर गरेको उल्लेख गर्नुभयो।

रक्षामन्त्री राजनाथ सिंहले सामाजिक सञ्जालमार्फत बधाई दिँदै यो सम्मान प्रधानमन्त्री मोदीको दूरदर्शी नेतृत्वको परिणाम भएको र यसले विश्वमञ्चमा भारतको प्रतिष्ठालाई थप उचाइमा पुऱ्याएको बताउनुभएको छ।

## 4.'विकसित भारत २०४७' को लक्ष्य: शिवराज सिंह

भारतका कृषि तथा किसान कल्याण र ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले 'विकसित भारत २०४७' को लक्ष्य साकार पार्न ग्रामीण क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ। नयाँ दिल्लीमा आयोजित राष्ट्रिय ग्रामीण विकास सम्मेलनलाई सम्बोधन गर्दै उहाँले सो कुरा बताउनुभएको हो। मन्त्री चौहानले ग्रामीण श्रमिकहरूको जीविकोपार्जन सुरक्षा सुनिश्चित गर्दै ग्रामीण विकासलाई तीव्रता दिन 'विकसित भारत ग्रामीण योजना' अन्तर्गत राज्यहरूको हिस्सासहित १ लाख ५१ हजार करोड रुपैयाँभन्दा बढीको व्यवस्था गरिएको जानकारी दिनुभयो।

यस अवसरमा मन्त्री चौहानले 'ग्रामीण आन्तरिक लेखापरीक्षण पोर्टल' (Rural Internal Audit Portal)*को पनि शुभारम्भ गर्नुभयो। यो पोर्टल जोखिम-आधारित र अनुपालन

लेखापरीक्षण लगायतका सम्पूर्ण आन्तरिक लेखापरीक्षणको व्यवस्थापन गर्ने एक एकीकृत डिजिटल प्लेटफर्म हो ।

## 5.जनसंख्या मन्त्रालयले नियम संशोधनको प्रस्ताव

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मेडिकल उपकरणहरूको अनुमति (लाइसेन्सिङ) प्रक्रियालाई थप सरल र छिटो बनाउन 'मेडिकल डिभाइसेज नियम, २०१७' मा संशोधनको प्रस्ताव गरेको छ । विद्यमान नियम अनुसार मेडिकल उपकरणहरूलाई जोखिमका आधारमा क्लास ए, **बी**, सी र डी गरी चार श्रेणीमा विभाजन गरिएको छ, जसमा 'क्लास डी' लाई सबैभन्दा बढी जोखिमयुक्त श्रेणी मानिन्छ ।

हाल प्रत्येक श्रेणीका उपकरण उत्पादनको अनुमति प्रक्रियाका लागि निश्चित कानुनी समयसीमा तोकिएको छ । प्रस्तावित संशोधनले गुणस्तर, सुरक्षा र प्रभावकारितामा कुनै सम्झौता नगरी ती समयसीमाहरूलाई घटाउने र द्रुत गतिमा नियामक स्वीकृति प्रदान गर्ने लक्ष्य राखेको छ ।

मन्त्रालयले यस सम्बन्धी एक मस्यौदा सूचना सार्वजनिक गरेको छ, जसको मुख्य उद्देश्य अनुमति प्रक्रियाको समय घटाएर व्यवसाय गर्न सहज वातावरण (Ease of Doing Business) बनाउनु हो ।

## 6.जगत प्रकाश नड्डा

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले भोलि नयाँ दिल्लीमा आयोजना हुने केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण परिषदको १६औँ बैठकमा **'एनिमिया मुक्त भारत अभियान'** का लागि नयाँ कार्यसञ्चालन निर्देशिका जारी गर्नुहुनेछ । यो नयाँ सुरुआत एनिमिया (रक्तअल्पता) विरुद्ध देशको लडाइँमा एउटा महत्त्वपूर्ण कोशेढुङ्गा साबित हुने विश्वास गरिएको छ, जसले यस अभियानलाई अझ व्यापक, जनकेन्द्रित र प्रविधिमा आधारित बनाउनेछ ।

नयाँ निर्देशिका अनुसार हालको 6x6x6 रणनीतिलाई विस्तार गरेर 7x7x7 को नयाँ ढाँचामा लगिनेछ, जसमा सातौँ लाभार्थी समूह, सातौँ हस्तक्षेप र सातौँ संस्थागत संयन्त्र समावेश हुनेछन् ।

## 7.भूकम्पबाट प्रभावित भेनेजुयला: Operation Amistad

विनाशकारी भूकम्पबाट प्रभावित भेनेजुयलाका लागि भारतले पठाएको सहयोग सामग्री त्यहाँ पुगेको छ । भारत सरकारले सञ्चालन गरेको 'अपरेशन अमिटाड' (Operation Amistad) अन्तर्गत पठाइएका राहत सामग्रीहरू भेनेजुयला पुगेका हुन् ।

भारतीय विदेश मन्त्री डाक्टर एस. जयशंकरले सामाजिक सञ्जालमार्फत यसको जानकारी दिँदै भारतले पठाएको फिल्ड अस्पताल इकाई, राहत सामग्री, औषधि र चिकित्सा उपकरणहरूले भेनेजुयलाको भूकम्पपछिको राहत कार्यमा ठुलो सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ ।

भेनेजुयलामा हालै आएको विनाशकारी भूकम्पमा परी ठुलो संख्यामा मानवीय क्षति र विनाश भएपछि भारतले गत शुक्रबार **'अपरेशन अमिटाड'** सुरु गरेको थियो ।

## 8.पुरुष क्रिकेट अन्तर्गत भारत र आयोजक आयरल्यान्ड

पुरुष क्रिकेट अन्तर्गत भारत र आयोजक आयरल्यान्डबिच बेलफास्टमा भइरहेको दुई खेलको शृङ्खलाको दोस्रो तथा अन्तिम टी-२० अन्तर्राष्ट्रिय खेलमा आयरल्यान्डले ब्याटिङ गरिरहेको छ । पछिल्लो समाचार प्राप्त हुँदा सम्म, घरेलु टोली आयरल्यान्डले ....... ओभरमा .... विकेट गुमाएर .... रन बनाएको छ । यसअघि भारतले टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको थियो । गत शुक्रबार भएको पहिलो खेलमा भारतमाथि ३४ रनको ऐतिहासिक जित निकाल्दै आयरल्यान्डले शृङ्खलामा १-० को अग्रता लिएको छ । भारत आजको खेल जित्दै शृङ्खला बराबरी गर्ने दाउमा छ भने आयरल्यान्ड घरेलु मैदानमा क्लिन स्वीप (Clean Sweep) गर्दै इतिहास रच्ने लक्ष्यका साथ मैदानमा उत्रिएको छ ।

## 9.अर्जेन्टिनाका फुटबलर लियोनेल मेसी

अर्जेन्टिनाका फुटबलर लियोनेल मेसीले फिफा विश्वकपमा नयाँ ऐतिहासिक कीर्तिमान बनाएका छन्। उनी विश्वकपका लगातार सात खेलमा गोल गर्ने विश्वकै पहिलो खेलाडी बनेका छन् ।

आज भएको समूह 'जे' को आफ्नो अन्तिम खेलमा अर्जेन्टिनाले जोर्डनलाई ३-१ गोल अन्तरले पराजित गऱ्यो । उक्त खेलको ८०औँ मिनेटमा मेसीले फ्रि-किकमार्फत उत्कृष्ट गोल गरेका थिए । यसैसँगै विश्वकपमा मेसी कुल गोल सङ्ख्या १९ पुगेको छ भने यस विश्वकपमा मेसी हालसम्म ६ गोल गर्दै सबैभन्दा बढी गोल गर्ने खेलाडीको सूचीमा शीर्ष स्थानमा छन् ।